नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चामे, मनाङ
मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com
manang_cdo@yahoo.com

प.सं. : ०७६/०७७ मिति: २०७७/०१/०३
च.नं.

## जिल्ला प्रशासन कार्यालय, मनाङबाट जारी गरिएको आदेश ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७।०१।०२ गते नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार सम्भावित संक्रमण र रोकथामका लागि २०७७।०१।१५ गते राति १२:०० बजेसम्म का लागि अवधि थप गरिएको सूचना प्राप्त भएको छ । स्थानीय प्रशासन ऐन, २०२८ तथा संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी कोभिड-१९ को रोकथाम, नियन्त्रण र निर्मूल गर्न यस मनाङ जिल्लाभित्र मिति २०७७।०१।१५ गते राति १२:०० बजेसम्म लागू हुने गरी देहाय बमोजिकको आदेश जारी गरिएको छ । यस आदेशको पूर्ण पालनाका लागि सम्पूर्ण जिल्लावासीहरुमा अनुरोध गरिन्छ ।

१. औषधी उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कनु हुन।
२. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुहरुवाहक सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाईएकोले सो पालना गर्नुहुन ।
३. अत्यावश्यक खाद्यान्न सामग्री, दैनिक उपभोग्य वस्तुहरु दुध, तरकारी, फलफुल, औषधी तथा स्वास्थ्य उपकरण सम्बन्धी पसल, ग्यास तथा पेट्रोलियम पदार्थ बिक्री वितरणलाई नियमित/अनिवार्य गर्ने र अन्य पसलहरु बन्द गर्ने/ गराउने ।
४. व्यवसायीहरुले औषधी र औषधीजन्य सामग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने । अभाव देखाई मुल्य वृद्धि गर्ने वा कालाबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिइने, सामग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने/गराउने ।
५. आम मानिसमा डर, त्रास सिर्जना गर्ने, आतंकित तुल्याउने गरी सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमहरुमा भ्रामक सूचना प्रसारण गरेको भेटिएमा कानून बमोजिम कारवाही गरिनेछ ।
६. सूचना संकलनको लागि सञ्चारकर्मीहरुलाई आवतजावत गर्न सूचना तथा प्रसारण विभागले जारी गरेको प्रेस पासलाई मान्यता दिइनेछ ।
७. संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई सोही ऐन बमोजिम सजाय हुनेछ ।

१।१२

पुष्पराज पौडेल
प्रमुख जिल्ला अधिकारी
पुष्पराज पौडेल
प्रमुख जिल्ला अधिकारी